मिति २०७९ असार १० गते आह्वान गरिएको दोस्रो नगर सभाको प्रथम अधिवेशनमा नीति तथा कार्यक्रम, बजेट, विनियोजन ऐन, आर्थिक ऐन पेश भई अध्ययनको लागि उक्त अधिवेशन पुन विदुर नगरपालिकाका प्रमुख एवं सभा अध्यक्ष श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा आज मिति २०७९ असार २४ गते निम्न सदस्यहरुको उपस्थितिमा बसीयो ।

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | अध्यक्ष | | |
| २ | श्री प्रभा बोगटी | उपाध्यक्ष | | |
| ३ | श्री लेनिन रञ्जित | सदस्य | विदुर न.पा. १ | |
| ४ | श्री दिपक कायस्थ | सदस्य | विदुर न.पा. २ | |
| ५ | श्री बद्री प्रसाद रिमाल | सदस्य | विदुर न.पा. ३ | |
| ६ | श्री निलम बाबु ढुंगेल | सदस्य | विदुर न.पा. ४ | |
| ७ | श्री लिलानाथ न्यौपाने | सदस्य | विदुर न.पा. ५ | |
| ८ | श्री श्यामकृष्ण चालिसे | सदस्य | विदुर न.पा. ६ | |
| ९ | श्री रबिन्द्र नेपाल | सदस्य | विदुर न.पा. ७ | |
| १० | श्री कमल श्रेष्ठ | सदस्य | विदुर न.पा. ८ | |
| ११ | श्री धनमाया सुनार | सदस्य | विदुर न.पा. ९ | धनमाया |
| १२ | श्री गणेश कुमार नेपाल | सदस्य | विदुर न.पा. १० | |
| १३ | श्री बाबुराम तमाङ | सदस्य | विदुर न.पा. ११ | |
| १४ | श्री उपिन्द्र खड्का | सदस्य | विदुर न.पा. १२ | |
| १५ | श्री भरत बहादुर तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| १६ | श्री दिपक कुमाल | सदस्य | विदुर न.पा. ५ | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | सदस्य | विदुर न.पा. ७ | |
| १८ | श्री सिताराम मिजार | सदस्य | विदुर न.पा. ९ | Sitaram |
| १९ | श्री इन्दिरा मिजार | सदस्य | विदुर न.पा. ८ | |
| २० | श्री राधिका तमाङ | सदस्य | विदुर न.पा. १० | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | सदस्य | विदुर न.पा. ११ | |
| २२ | श्री शावित्री राई | सदस्य | विदुर न.पा. ३ | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री सबु मिजार | सदस्य | विदुर न.पा. २ | |
| २४ | भगवती राजभण्डारी | सदस्य | विदुर न.पा. १ | |
| २५ | विष्णुमाया सुनार | सदस्य | विदुर न.पा. १ | |
| २६ | निजेश श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २७ | रामगोपाल श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २८ | गिता तिमल्सिना | सदस्य | विदुर न.पा. २ | |
| २९ | आनन्दलाल श्रेष्ठ | सदस्य | विदुर न.पा. २ | |
| ३० | रन्जन कुमार थापामगर | सदस्य | विदुर न.पा. २ | |
| ३१ | पानमाया विश्वकर्मा | सदस्य | विदुर न.पा. ३ | |
| ३२ | इन्द्र प्रसाद अधिकारी | सदस्य | विदुर न.पा. ३ | |
| ३३ | तारानाथ अर्याल | सदस्य | विदुर न.पा. ३ | |
| ३४ | सुनीता कुमाल | सदस्य | विदुर न.पा. ४ | |
| ३५ | राममाया मिजार | सदस्य | विदुर न.पा. ४ | |
| ३६ | छविलाल ओझा | सदस्य | विदुर न.पा. ४ | |
| ३७ | शिव कुमार लामा | सदस्य | विदुर न.पा. ४ | |
| ३८ | कुमारी नेपाली | सदस्य | विदुर न.पा. ५ | |
| ३९ | विनोद चित्रकार | सदस्य | विदुर न.पा. ५ | |
| ४० | होम बहादुर कुमाल | सदस्य | विदुर न.पा. ५ | |
| ४१ | झानु राई | सदस्य | विदुर न.पा. ६ | |
| ४२ | कल्पना विक. | सदस्य | विदुर न.पा. ६ | |
| ४३ | रामचन्द्र पौडेल | सदस्य | विदुर न.पा. ६ | |
| ४४ | रुपक कुमाल | सदस्य | विदुर न.पा. ६ | |
| ४५ | इनद्र कुमारी कार्की | सदस्य | विदुर न.पा. ७ | |
| ४६ | विमला सुनार | सदस्य | विदुर न.पा. ७ | |
| ४७ | पञ्चलाल तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४८ | नामान तमाङ | सदस्य | विदुर न.पा. ७ | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | देव कुमारी खड्का | सदस्य | विदुर न.पा. ८ | देवकुमारी |
| ५० | जयराम खड्का | सदस्य | विदुर न.पा. ८ | |
| ५१ | श्रीकष्ण रिजाल | सदस्य | विदुर न.पा. ८ | |
| ५२ | सिता बोगटी | सदस्य | विदुर न.पा. ९ | |
| ५३ | राजकुमार श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५४ | राजेन्द्र श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५५ | कुमारी वि.क | सदस्य | विदुर न.पा. १० | |
| ५६ | प्रेम बहादुर घले | सदस्य | विदुर न.पा. १० | |
| ५७ | मंगले बहादुर तमागं | सदस्य | विदुर न.पा. १० | |
| ५८ | कमला मिजार | सदस्य | विदुर न.पा. ११ | |
| ५९ | रेवती प्रसाद चालिसे | सदस्य | विदुर न.पा. ११ | |
| ६० | नवराज तमागं | सदस्य | विदुर न.पा. ११ | |
| ६१ | निर्मला नेपाल रिमाल | सदस्य | विदुर न.पा. १२ | |
| ६२ | सिता मिजार | सदस्य | विदुर न.पा. १२ | |
| ६३ | झंक प्रसाद भट्ट | सदस्य | विदुर न.पा. १२ | |
| ६४ | मनमाया तमाग. | सदस्य | विदुर न.पा. १३ | |
| ६५ | कल्पना वि.क. | सदस्य | विदुर न.पा. १३ | |
| ६६ | नरसिंह दल तमागं | सदस्य | विदुर न.पा. १३ | |
| ६७ | देवी प्रसाद अधिकारी | सचिव | | |

# विदुर नगरपालिकाको दोश्रो सभाको पहिलो अधिबेशनबाट पारित निर्णय

१) विदुर नगरपालिकाको आ.व. २०७९/०८० को लागि प्रस्तावित नीति, कार्यक्रम र वजेट नगरसभाबाट स्वीकृत गर्ने ।

२) विदुर नगरपालिकाको आर्थिक ऐन, २०७९ लाई सभाबाट स्वीकृत गर्ने ।

३) विदुर नगरपालिकाको विनियोजन ऐन, २०७९ लाई सभाबाट स्वीकृत गर्ने

४) नगर कार्यपालिकाको मिति २०७९ जेठ २५ तथा २०७९ असार ६ गतेको कार्यपालिका बैठकबाट गठन भएका विषयगत समिति तथा न्यायीक समितिलाई सभाको बैठकबाट अनुमोदन गर्ने ।

५) आ.व. ०७८/०७९ मा नगरपालिकाको योजनामा समावेश हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा श्रोत उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारमा सिफारिश/अनुरोध गर्ने निर्णय गरियो ।

६) राजश्व परामर्श समितिको सिफारिसमा सम्पति कर, दस्तुर, महसुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याइ कर कायम गर्ने विषयमा नगर कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

७) नगरपालिकाको लक्षित बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुने गरि सहयोगी दातृ निकाय एवं साझेदार संघ संस्थाहरुले पेश गर्ने कार्यक्रम स्वीकार गरी द्विपक्षीय, बहुपक्षीय सम्झौता एवं समझदारी गर्ने अधिकार नगर कार्यपालिका लागि प्रत्यायोजन गर्ने निर्णय गरियो ।

८) विपद् व्यवस्थापन संग सम्बन्धित र नगरपालिकाले तत्काल सम्बोधन गर्नुपर्ने अत्यावश्यक योजना र कार्यक्रमहरुको हकमा कामको प्रकृति र प्राविधिकको लागत अनुमान समेतको आधारमा कम्तीमा रु. ३ लाखसम्मका योजना तथा कार्यक्रम नगरप्रमुखले निर्णय गरी दिन सक्ने निर्णय गरियो ।

९) आर्थिक बर्ष ०७९/०८० का लागि कार्यालयलाई आवश्यक पर्ने सामानहरु खरिद गर्न एकद्वार नीति लिने र खरिद इकाई मार्फत त्यसलाई व्यवस्थित गर्न देहाय बमोजिम खरिद इकाई गठन गर्ने निर्णय गरियो ।

- प्रशासन शाखा हेर्ने शाखा अधिकृत–संयोजक
- लेखा अधिकृत– सदस्य
- जिन्सी शाखा हर्ने कर्मचारी–सदस्य सचिव

नोट : आवश्यक परामर्शको लागि आमन्त्रित सदस्य रहन सक्नेछन ।

१०) आर्थिक बर्ष ०७९/०८० मा बोलपत्र तथा शिलबन्दी दरभाउपत्र मार्फत कार्यान्वयन हुने योजना/कार्यक्रमको मूल्यांकन गरी स्वीकृतिका लागि शिफारिश गर्न देहाय बमोजिम बोलपत्र मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

- प्रमुख प्रशासकिय अधिकृत–संयोजक
- लेखा शाखा प्रमुख–सदस्य
- प्राविधिक शाखा प्रमुख–सदस्य
- योजना शाखा प्रमुख–सदस्य सचिव

नोट : आवश्यक परामर्शको लागि आमन्त्रित सदस्य रहन सक्नेछन ।

११) ठेक्का वा उपभोक्ता समिति मार्फत संचालन हुने पूर्वाधार तर्फका योजनामा कार्यालयले ४ ( चार) प्रतिशतको दरले कन्टेन्जेन्सी रकम काट्ने र सो रकमको कन्टिन्जेन्सी योजना ( Contengency plan)अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

१२) चालु आर्थिक बर्षमा सम्झौता भई काम सम्पन्न हुन नसकेका योजनाहरुको जिम्मेबारी आगामी आ.व.का लागि सार्ने र श्रोतको उपलब्धताको आधारमा क्रमश भुक्तानी गर्ने निर्णय गरियो ।

१३) आ.व. ०७७/०७८ को लेखा परिक्षण प्रतिवेदनमा औल्याएका बेरुजु मध्ये असुल उपर गर्नुपर्ने भए असुल उपर गर्न, प्रमाण पुर्‍याई सम्परीक्षण गर्नुपर्ने भए समयमै सम्परीक्षण गरी बेरुजूको अभिलेखलाई चुस्त दुरुस्त राख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४) यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व. २०७८/०७९ को बार्षिक तलबी प्रतिवेदन समर्थन गरी आगामी आ.व. २०७९/०८० को लागी प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।ब

१५) नगर कार्यपालिका बाहेक नगर प्रमुख र उपप्रमुखको अध्यक्षतामा बस्ने अन्य बैठकमा रु. १५००।०, र प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षता र विषयगत समितिका संयोजकको अध्यक्षतामा बस्ने बैठकमा रु. १०००।० बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१६) संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन २०७८ अनुसार विदुर नगरपालिकाको संगठन तथा कर्मचारी दरबन्दी संरचनालाई निरन्तरता दिने निर्णय गरियो ।

१७) न्यायीक समितिको बैठक बसे बापत मासिक बढीमा २ वटा बैठकको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१८) यस नगरपालिका भित्र रहेका सडक एवं बाटोहरुको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१९) संघीय र प्रदेश सरकारबाट निर्माण तथा स्तरोन्नति हुने सडकहरुको Right Of way (सडक मापदण्ड) र नगरपालिकाले तोकेको सडक मापदण्डमा फरक पर्न गई दुविधा उत्पन्न भएकोले सडक मापदण्डमा एकरुपता कायम गर्नको लागि निर्माण कार्य अघि नै नगरपालिकासंग आवश्यक समन्वय हुने व्यवस्थाको लागि सम्वन्धित निकायहरुमा पहल गर्ने निर्णय गरियो ।

२०) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ बमोजिम नक्सापास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको भवन संहिता बमोजिम गर्न नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

२१) नगरसभाले गरेका निर्णयहरुको समयमै र प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय बमोजिम कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | क्रियाकलाप | समय | जिम्मेवार शाखा | अनुगमन/सुपरिवेक्ष |
|---|---|---|---|---|
| १ | नगर सभाबाट स्वीकृत नीति, योजना कार्यान्वयनका लागि कार्यक्रम/कार्ययोजना निर्माण | २०७९श्रावण मसान्त भित्र | सबै शाखा प्रमुख | नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत |
| २ | विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने खालका योजनाको प्रतिवेदन तयारी, लागत अनुमान स्वीकृति र बोलपत्र सुचना प्रकाशन | २०७९ भाद्र मसान्त भित्र | प्राविधिक शाखा | नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत |
| ३ | उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको समिति गठन | २०७९ पौष १५ भित्र | वडा कार्यालय सबै | नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत |
| ४ | उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको लागत अनुमान तयारी र सम्झौता | २०७९ पौष मसान्त भित्र | प्राविधिक शाखा र योजना शाखा | नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत |
| ५ | ठेक्कापट्टा मार्फत कार्यान्वयन हुने साना योजनाहरुको लागत अनुमान तयारी, बोलपत्र सुचना प्रकाशन | २०७९ कात्तिक मसान्त भित्र | प्राविधिक शाखा र योजना शाखा | नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत |
| ६ | चालु आ.व. ०७८/०७९ को नीति, योजना, कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति समिक्षा र प्रतिवेदन तयारी | २०७९ भाद्र मसान्त भित्र | सबै शाखाहरु | नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत |

२२) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अन्तर्गत आर्थिक बर्ष ०७७/०७८ को मुल्याङ्कनमा विदुर नगरपालिकाले ६० अंक प्राप्त गरेकोले सो अंकलाई अनुमोदन गरी आगामी बर्ष सबै सुचकहरुमा उत्कृष्ट नम्बर ल्याउने गरी सबैले आ–आफ्नो जिम्मेबारी निर्वाह गर्ने निर्णय गरियो ।

२३) साविक स्थानीय निकायमा स्थायी सेवा गरी समायोजन ऐन २०७४ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त परिपत्रानुसार समायोजन भई विदुर नगरपालिकामा समायोजन भएका कर्मचारिहरु सेवा निवृत भएमा सोको उपदान तथा सेवा निवृति पश्चात प्राप्त हुने सुविधाहरुलाई यस नगरपालिकाबाट प्रदान गर्ने निर्णय गरियो ।

२४) प्रदेश सरकारबाट प्राप्त हुने शसर्त र बिशेष अनुदान एकिन हुनभन्दा अगावै श्रोत अनुमान समितिबाट सिफारिस गरिएको श्रोत अनुमान मध्ये प्रदेश सरकारको सशर्त अनुदान र प्रदेश समपुरक अनुदानको रकम अनुमान गरिएभन्दा बढी प्राप्त भएको र विशेष अनुदानको रकम घटी प्राप्त हुन आएकोले त्यस्ता प्रकारका बजेट श्रोतहरु नगरपालिकाको बजेटमा स्वत: समायोजन हुने र बजेटको रकममा हुन सक्ने परिवर्तनलाई सभाबाट स्विकृत गर्ने निर्ण गरियो ।

२५) यस विदुर नगरपालिकाको दोश्रो सभाको पहिलो अधिवेशन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण वुद्धिजीवी, समाजसेवी, नगरपालिकाका निर्वाचित जनप्रतिनिधीहरु, राजनितीक दलका प्रतिनिधिहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, संचारकर्मी र नगरसभाका लागि खट्ने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

समाप्त